नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

## श्रम विभाग

# बालश्रम निरीक्षण अनुगमन प्रतिवेदन

निर्देशकः अमल किरण ढकाल

२०६६ माघ १०

# वालश्रम सम्बन्धी निरीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

वालश्रम सामाजिक समस्या हो । त्यसैले बालश्रमको समाधान गर्नु समाजको प्रमुख दायित्व हो । समाजमा रहेको आर्थिक विभेदकारी पद्धति र बढ्दो संवेदनहीनताले बालश्रमको समस्या थप जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । पढ्ने, खेल्ने र हास्ने रमाउने वाल उमेरमा अनिच्छित प्रकृतिको श्रममा लाग्नु पर्दा वाल्यकाल त बर्वाद हुन्छ नै; यसले बाल मस्तिष्कमा जीवन र जगतप्रतिको नकारात्मक सोचको विकास गराउँछ । मुलुकमा ठूलो संख्यामा रहेका बालवालिकामा यो स्थिति रहँदासम्म समाजमा शान्ति, सुव्यवस्था र समुन्नति कायम गर्न कठिन हुने देखिन्छ ।

समुन्नत नागरिक समाज निर्माणका लागि वालअवस्थाको श्रम प्रयोग नगर्न परम्परादेखिनै समाजले विभिन्न मान्यताहरु कायम गरिआएको छ । यसैको निरन्तरमा नेपालको अन्तरिम सविधान, २०६३ ले वालश्रम निषेध गर्नुका साथै आधारभूत शिक्षा, स्वास्थ, पालनपोषण र सामाजिक सुरक्षाको हक समेत प्रदान गरेको छ । बालबालिका माथि गरिने जुनसुकै प्रकारको शोषण र जोखिम तथा खतराजन्य कार्य दण्डनीय मानिएको छ । वालवालिकाको हक अधिकार र कल्याणको लागि सरकारले विशेष कानून बनाई लागू गर्नसक्नेसम्मको व्यवस्था संविधानले गरेको छ । यसैगरी बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, वालवालिका सम्बन्धी ऐन, २०४८, श्रम ऐन, २०४८, मुलुकी ऐन, २०२१ आदि समेत वालवालिकाको सुरक्षा र हितका लागि कार्यान्वयनमा रहेका छन् ।

वालश्रम निषेध गर्ने अन्तर्राष्ट्रिय सन्धि संझौतामा समेत नेपालले प्रतिवद्धता जनाएको छ । सो अनुसार समयवद्ध कार्ययोजना बनाई सन् २००९ सम्म निकृष्ट प्रकृतिका र सन् २०१४ सम्म सबै प्रकृतिका वालश्रम मुलुकमा प्रयोग हुन नपाउने व्यवस्था गर्न नेपाल कटिवद्ध छ । यसै लक्ष्यलाई हासिल गर्ने गरी नेपालले वालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०६१ - २०७१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । सो गुरुयोजना अनुरुप सरकारले आवधिक तथा वार्षिक योजना बनाई वालश्रम निवारण गर्न वार्षिक कार्यक्रमहरु सञ्चालन गरिआएको छ ।

वालश्रम निवारण सबैको चासोको विषय हो । त्यसैले यसमा सरकारका साथै रोजगारदाता, ट्रेड यूनियन, गैरसरकारी निकाय, सामुदायिक संस्था, नागरिक समाज लगायत अन्तर्राष्ट्रिय संघ संस्थाका कार्यक्रमहरु समेत सञ्चालन भैआएको देखिन्छ ।

वालश्रम सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरुले नेपालमा उच्च दरको वालश्रम भएको देखाएका छन् । यस्तो बालश्रम विशेषतः गरिबी र पारिवारिक विसंगतिसंग आवद्ध रहेको पाइएको छ । पारिवारिक हिंसा, द्वन्द्व, खराब आचरण, गैरजिम्मेवारीपन, सामाजिक उपेक्षा र भेदभावपूर्ण पद्धति, आर्थिक प्रलोभन, सुविधाको लालसा र प्राकृतिक विपद् जस्ता कारणले निकृष्ट प्रकृति समेतका बालश्रमलाई बढावा दिइरहेको छ । त्यसैले वालश्रम निवारणका लागि वालश्रम पठाउने अभिभावकका साथै वालश्रमको प्रयोगकर्ता व्यवसायी, रोजगारदाता र समाजका प्रवुद्ध वर्गमा समेत संवेदना जगाउनु आवश्यक छ ।

## २. वालश्रम सम्बन्धी वार्षिक कार्यक्रम

वालश्रम निवारणका लागि सरकारी, गैरसरकारी र सामाजिक संघ संस्थाहरुले समेत वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गरिआएको पाइन्छ । तथापि निर्धारित ऐन, नियम र नीति निर्देशनको परिधिभित्र रही लक्ष्यित योजना बमोजिम सबै कार्यक्रमको संयोजन, सहकार्य समन्वय गर्ने प्रमुख जिम्मेवारी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको रहन्छ । मन्त्रालयको यसै जिम्मेवारीलाई पूरा गर्न श्रम विभागले आ.व.२०६६।६७ को लागि देहायको वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गरिआएको छ ।

(रकम रु.हजारमा)

| क्रसं | कार्यक्रम / क्रियाकलापहरु | सूचक | बजेट | कार्ययोजना/ पुष्ट्याई | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | **वालश्रम निवारण तथा सुधार (७१-३-२००)** | | **५२,००** | | |
| | वालश्रम निरीक्षण तथा अनुगमन | ६०० वटा | ३०० | ६०० वटा Event को | विभाग |
| | वालश्रम विरुद्ध चेतना अभिवृद्धि (श्रव्यदृश्य) | २० पटक | ७०० | श्रव्यदृश्य प्रसारण गर्न | मन्त्रालय |
| | वृत्तचित्र निर्माण | १ वटा | १५० | वृत्तचित्र निर्माण गर्न | मन्त्रालय |
| | वालश्रम निवारणसम्बन्धी रणनीति गोष्ठी | १ पटक | २०० | केन्द्रीय गोष्ठी गर्न | मन्त्रालय |
| | बालश्रमसम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन | ५ वटा | १५० | प्रति रु. ३० हजार | विभाग |
| | वालश्रम निवारण कोषमा अनुदान | ३ वटा | २५०० | ३ वटा कोषमा अनुदान | मन्त्रालय |
| | (क) बालबालिका विकास तथा पुनर्स्थापना कोष | | १५०० | पुनर्स्थापना केन्द्रको लागि | मन्त्रालय |
| | (ख) बालश्रम निवारण कोष अनुदान | | ५०० | कानूनमा भएको कोष | मन्त्रालय |
| | (ग) बालश्रमिक पुर्नस्थापना अनुदान | | ५०० | घरेलु बालश्रमको लागि | मन्त्रालय |
| | निकृष्ट वालश्रम सुधार कार्यक्रम | १ प्याकेज | ५०० | सुदूर पश्चिमलाई केन्द्रित | विभाग |
| | वालश्रमिकको लागि स्वास्थ प्रवर्द्धन कार्य | ३ स्थान | ४०० | स्वास्थ्य क्याम्प राख्न | विभाग |
| | बालश्रमिकको लागि HIV/AIDS सचेतना कार्यक्रम | ३ स्थान | ३०० | बालश्रमिकको सुरक्षा गर्न | विभाग |

## ३. कार्यान्वयन व्यवस्थाः

वार्षिक कार्ययोजना बमोजिम वालश्रम निवारणको कार्यक्रम मन्त्रालय र विभागबाट कार्यान्वयन भैआएका छन् । विभागले बालश्रम सम्बन्धी आफ्नो जिम्मेवारीमा तोकिएका कार्यक्रमहरु कार्यान्वयनको लागि वार्षिक कार्यतालिका बनाई तोकिएको बजेट परिधिभित्र कार्यक्रम कार्यान्वयन गर्ने प्रस्ताव स्वीकृत गरेको छ । सोही बमोजिम मुलुकभरबाट बालश्रम सम्बन्धी ६०० वटा घटनाको निरीक्षण गर्ने कार्यक्रम बनेको छ । वालश्रम निरीक्षणको क्षेत्र संगठित र असंगठित, औपचारिक र अनौपचारिक, शहरी र ग्रामीण, सामान्य र निकृष्ट उत्पादन, वितरण र सेवा आदि विभिन्न क्षेत्रमा रहेको हुनसक्ने देखिन्छ । यसैक्रममा सबै पक्षको प्रारंभिक जानकारी लिने उद्देश्यले प्रस्तुत वालश्रम निरीक्षण तथा अनुगमन गर्ने कार्य सञ्चालन गरिएको हो ।

## ४. क्षेत्र तथा अवधि

मुलुकभरिका संगठित तथा असंगठित क्षेत्रहरुमा छरिएर रहेको हुनसक्ने वालश्रम निरीक्षण एकैपटक सबैक्षेत्रमा गर्न सकिने देखिदैंन । समाज विकासको जटिलतासंगै वालश्रम निरुपण कठिन हुँदै गएको समेत छ । साथै संविधान, ऐन र अन्तर्राष्ट्रिय मान्यताले वालश्रमको प्रयोगलाई सामाजिक अपराधको रुपमा लिइएको हुँदा अपराधको अनुसन्धान र त्यसको स्वीकारोक्ति गराउने प्रकृतिको कार्यको अनुगमन निरीक्षण अझ जटिल बन्न पुगेको छ । बालश्रमको अवस्था रहेसम्म कुनै पनि समाजले आफूलाई विकसित र सभ्य समाज भन्न नसक्ने हुँदा यस्को निराकरणमा सबैको सहयोग रहनु अपरिहार्य छ । त्यसमा पनि जिम्मेवार सरकारी निकायहरुको भूमिका अझ बढी महत्वको देखिन्छ ।

वालश्रमको यसै विषयलाई मध्यनजर अनुगमन निरीक्षण गर्ने सिलसिलालाई क्रमशः जारी राख्ने गरी विभागले पहिलो क्रममा मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रको धादिंग - बुटवल कोरिडोरको निरीक्षण गर्ने कार्ययोजना बनाएको थियो । सो योजना कार्यान्वयनको लागि विभागबाट मिति २०६६।९।३० देखि २०६६।१०।५ सम्मको कार्यादेश प्राप्त भएको थियो । सोही कार्यादेश बमोजिम धादिंग - बुटवल कोरिडोरका संगठित तथा असंगठित क्षेत्रका उद्योग, प्रतिष्ठान र विभिन्न व्यवसायको मिति २०६६ पुस ३० गतेदेखि माघ ५ गतेसम्म अनुगमन निरीक्षण गरी वालश्रम सम्बन्धी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

## ५. कार्यविधि


वालश्रम सम्बन्धी समस्या समाजमा जटिलरुपमा रहेको विषय हो । कानूनी रुपमा विधिवत दर्ता भएका सार्वजनिक निकायहरुमा वालश्रम निषिद्ध रहेपनि मुलुकको आर्थिक-सामाजिक पद्धतिका कारण वालश्रम प्रयोग भैरहेको र न्यूनतम मानवीय मूल्य मान्यता अनुरुपको कार्यस्थिति समेत कायम हुन नसकेको स्थितिलाई विचार गरी वालश्रम अनुगमन निरीक्षण सम्बन्धी प्रश्नावली तयार गरिएको थियो । प्रश्नावलीमा निरीक्षण गर्ने प्रतिष्ठान, व्यवसाय, इकाई वा वालवालिकाको अभिभावक लगायतको सामान्य जानकारी, काममा लागेकाको काममा आएको माध्यम, कारण, कामको प्रकृति, काममा संलग्न अवधि, काम गर्ने समय, आरामको व्यवस्था, कामको पारिश्रमिक र कामप्रतिको सन्तुष्टि आदि रहेका छन् । यसैगरी काम गरिरहेको स्थलको स्वास्थ्य, सुरक्षा, आवास, मनोरञ्जन, पठनपाठन र अन्य वातावरणीय पक्ष समेत प्रश्नावलीमा रहेको छ । प्रयोग गरिएको प्रश्नावली अनुसूचीमा राखिएको छ ।

सो प्रश्नावलीको आधारमा धादिंग, नारायणगढ र बुटवल क्षेत्रका संगठित तथा असंगठित क्षेत्रका उद्योग प्रतिष्ठान, व्यवसाय, अभिभावक, संरक्षक र सम्बन्धित वालवालिकासंग प्रश्न सोधेर जानकारी प्राप्त गरिएको थियो । वालश्रम अनुगमन तथा निरीक्षणको क्रममा सो क्षेत्रको श्रम सम्बन्धी कार्य हेर्ने श्रम कार्यालय, लुम्बिनी अञ्चल, बुटवलमा कार्यरत कर्मचारीहरुसँग छलफल गरिएको थियो । वालश्रम सम्बन्धी जानकारी तथा सूचना संकलनका लागि सो क्षेत्रका व्यवसायी, कर्मचारी कामदार र सार्वजनिक निकायका प्रतिनिधिहरुसंग समेत छलफल अन्तर्क्रिया गरिएको थियो ।

## ६. संकलित वालश्रम सम्बन्धी विवरण

वालश्रम सम्बन्धी धादिंग - बुटवल कोरिडोरको निरीक्षणको क्रममा २०६६ पुस ३० गतेदेखि माघ ५ गतेसम्मको अवधिमा सो क्षेत्रमा पर्ने संगठित तथा असंगठित क्षेत्रका उद्योग प्रतिष्ठान, व्यापार व्यवसाय र घरायसी कामकाज समेत गरी ६० वटा स्थलको निरीक्षण गरिएको थियो । यसरी निरीक्षण गरिएका कार्यक्षेत्रको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं | निरीक्षण गरिएका कार्यक्षेत्र | संख्या |
|---|---|---|
| १ | संगठित उद्योग प्रतिष्ठान | ३ |
| २ | इटा व्यवसाय | २४ |
| ३ | इन्जिनिरिंग सेवा | ११ |
| ४ | होटल व्यवसाय | ४ |
| ५ | व्यापार व्यवसाय | २ |
| ६ | यातायात सेवा | २ |
| ७ | सार्वजनिक सेवा | २ |
| ८ | कृपि व्यवसाय | ७ |
| ९ | खानी व्यवसाय | ५ |
| | जम्मा | ६० |




वालश्रम सम्बन्धी उक्त अनुगमन निरीक्षण निरीक्षणको केही तस्वीरहरु पनि लिइएको थियो । तस्वीर आफैं बोल्ने हुँदा सो को संक्षिप्त नोट त्यसै तस्वीर मुनि दिइएको छ ।

तस्वीर नं.१



नवलपरासी जिल्लाको वर्दघाटमा बनेको सार्वजनिक शौचालयमा शुल्क उठाउन राखिएको नावालिक ।

तस्वीर नं.२



नवलपरासी जिल्लाको अमरापुरी गाविसमा रहेको इटा व्यवसायमा इटा पल्टाउने काम गर्दै बालवालिकाहरु ।

तस्वीर नं.३



नवलपरासीको झराही खोलाबाट ढुंगावालुवा झिक्दै नावालिका ।



अभिभावकसंग ढुंगावालुवा झिक्न आएका नावालिकहरु ।

तस्वीर नं.४



देवदह सहकारीमा दुध पुर्‍याउन आएका नावालिग ।



नारायणगढ बजारमा मकैं बेच्दै नावालिगहरु ।

## ७. वालश्रम सम्बन्धी प्राप्त सूचना तथा प्रमुख बुँदाहरुः

वालश्रम निरीक्षणको क्रममा धादिंगदेखि बुटवलसम्मको कोरिडोर क्षेत्रमा काम गर्ने बालवालिकाको स्थिति अवलोकन, प्रश्नावलीको आधारमा सम्बद्ध वालवालिका र उद्योग, व्यापार, पेशा, व्यवसाय सञ्चालकसंग छलफल, सम्वन्धित निकाय र लक्ष्यित समूहसँग छलफल र अन्तर्क्रिया समेतका आधारमा बालश्रम सम्बन्धी सूचना, जानकारी र सुझावहरु संकलन गरिएको छ । संकलन गरिएका सूचनाहरुबाट देखिएका मुख्यमुख्य पक्षहरु देहाय बमोजिम छन्:

- धादिंग - बुटवल कोरिडोर क्षेत्रबाट निरीक्षण गरिएका ६० वटा घटना (Events) मध्ये संगठित क्षेत्रका ५ वटामा बालश्रम नभेटिएको, ३५ वटामा बाआमा/अभिभावकलाई आंशिक वा पूर्ण समय काममा सघाएको र बाँकी २० वटामा न्यून पारिश्रमिकमा काम गरिरहेको वालवालिकाहरु पाइयो । काममा लागेका अधिकांश वालवालिकाले शिक्षा आर्जनको अवसर गुमाएको र आर्थिक विपन्नताको कारण वैकल्पिक उपाय नहुँदा गरिआएकै काममा पिल्सिनु परेको पाइयो । वालश्रमिक पाइएको क्षेत्र नजिक सुकुम्वासी वस्ती रहेका, केही अन्यत्रको त्यस्तै बस्तीबाट स्थानान्तरण भइआएको, आवास, स्वास्थ्य सुरक्षाको उचित प्रबन्ध नरहेको, ससाना नानीहरु सहित परिवारको आकार ठूलो रहेको, बालसुलभ जीवनयापनका लाषि उपयुक्त वातावरणको कमी रहेको पाइयो ।
- मुलुकको कानूनले नै वालश्रम निषिद्ध गरेको अवस्था हुँदा कानून बमोजिम दर्ता भएका उद्योग प्रतिष्ठानहरुमा निरीक्षण गर्दा वालवालिकालाई विधिवत रुपमा काममा लगाएको अभिलेख र बालवालिका कार्यरत रहेको पाइएन ।
- असंगठित क्षेत्रमा रहेको व्यापार, व्यवसाय र सेवाहरुमा अभिभावकसँगै वालवालिकाहरुले आर्थिक सुरक्षा तथा जीविकोपार्जनका लागि आंशिक वा पूर्णरुपले काम गरेको, काममा सघाएको देखियो ।
- आर्थिक दृष्टिले विपन्न र दूरावस्थामा रहेका परिवारका बालवालिकाहरु नै वालश्रमको रुपमा उपयोग भैरहेको, घरेलु कामदारको रुपमा शहरबजारका सम्पन्न परिवारको काममा प्रयोग भएको जानकारी पाइयो । तर वालश्रम सम्बन्धी स्वतन्त्र निरीक्षण गर्न दिने, सबै सही सत्य जानकारी दिने, दोहोरो कुराकानी गर्न र तस्वीर खिचाउन दिने समेतका कार्य गर्नसक्ने सहज स्थिति देखिएन ।
- आर्थिक, सामाजिक र पारिवारिक वञ्चिती नै वालश्रमको प्रमुख कारण रहेको पाइयो । जन्मदेखिनै आर्थिक विपन्नता, सामाजिक वर्गविभेद र पारिवारिक विश्रृंखलताले वालअवस्थामै बाँच्नका लागि श्रम गर्नुपरेको अवस्था रहेको पाइयो । यस किसिमका असहाय, अशक्त र विपन्न अवस्थाबाट गुज्रिएका बालवालिकालाई सहारा, संरक्षण गरिदिनेले नै काममा लगाएको र बालकल्याण गरेको भन्ने सामाजिक मान्यता रहेको पाइयो ।
- स्थानीय तहमा वालश्रम निरीक्षण जिम्मेवारी रहेको श्रम कार्यालयले संगठित क्षेत्रका केही उद्योग प्रतिष्ठानको निरीक्षण गरिआएतापनि ग्रामीण असंगठित क्षेत्रको वालश्रम निरीक्षण

हुनसकेको देखिएन । साथै निरीक्षण गरिएका क्षेत्रमा पनि निरीक्षण पछि भेटिएका वालश्रम व्यवस्थापन गर्ने ठोस कार्ययोजना नभएको स्थितिमा श्रम कार्यालयहरुबाट समेत भैरहेको वालश्रम निरीक्षणको औचित्य प्रभावकारीपूर्ण रहेको पाइएन ।

- वालश्रमको सम्बन्धमा परिवार, समुदाय र प्रवुद्ध वर्गले बुझेर पनि त्यसअनुरुपको संवेदनशीलता र आचरण व्यवहार नगरेको जानकारी पाइयो ।
- वालबालिका सम्बन्धी नीति कार्यक्रममा सबैका लागि शिक्षा, स्वास्थ्य र आवासको सुनिश्चित गरिएतापनि निरीक्षण गरिएका क्षेत्रमा काम गरिरहेका बालबालिकाहरुको स्वास्थ, सरसफाई, आवास, सुरक्षा, खानपान र शिक्षाको स्थिति ज्यादै न्यून र कमजोर अवस्थामा रहेको पाइयो । विद्यालय जानबाट वञ्चित रहेका र विद्यालय भर्ना भै कक्षा छोडेका बालवालिकाले नै बाँच्नको लागि श्रमको प्रयोग गर्नुपर्ने बाध्यता रहेको पाइयो ।

**निष्कर्षः**

बालश्रमको समस्या मूलतः आर्थिक विपन्नता, सामाजिक विभेद र पारिवारिक विश्रृङ्खलतासंग सम्बन्धित रहेकोले बालश्रमको समाधान पनि त्यसैअनुरुप पारिवारिक, सामाजिक र आर्थिक पद्धतिमा सुधार ल्याउनु पर्ने देखिन्छ । विश्वका विकसित मुलुकहरुमा बालश्रम निवारण भैसकेको र अन्तर्राष्ट्रिय श्रम संगठनमा नेपालले प्रतिवद्धता जनाई वालश्रम निवारण गर्न नेपालको संविधान, कानून, नीति, कार्यक्रम र राष्ट्रिय गुरुयोजना कार्यान्वयन भैसकेको छ । त्यसैले प्रचलित व्यवस्था विरुद्धका सबै कार्यहरु कडाईका साथ नियन्त्रित गरिनु पर्छ । यसमा सबै सरोकार पक्षको प्रतिवद्धता, सहकार्य र अग्रसरिताको आवश्यकता छ । नेपालमा बालश्रमको समस्या शहरी क्षेत्रमा मात्र केन्द्रित नरहेर वृहत् क्षेत्र ओगट्ने ग्रामीण तथा दुर्गम क्षेत्रमा समेत रहेकोले स्थानीय समुदायलाई नै असंगठित र अनौपचारिक क्षेत्रको वालश्रम निराकरण गर्ने जिम्मेवारी दिनुपर्ने देखिन्छ । यसको लागि चेतनामूलक कार्यक्रमका साथै उद्धार र पुनर्स्थापन कार्यक्रमहरु पनि सँगसँगै लैजानु पर्ने आवश्यकता देखिएको छ ।  भावी समाजको एउटा महत्वपूर्ण हिस्सा ओगट्ने आजका बालबालिकाको सो अवस्थामा सुधार नल्याउदासम्म स्वस्थ, सुरक्षित र मर्यादित कार्य (decent works) को विकास हुनसक्ने देखिन्न ।

प्रस्तुत निरीक्षणका जानकारीहरु हेर्दा नेपालमा पूर्व अध्ययनहरुले देखाए जस्तै वालश्रमको स्थिति रहेको देखियौ ।  यस सम्बन्धमा श्रम सम्बन्धी कानूनले रोजगारी प्रवेश गर्नका लागि तोकेको न्यूनतम उमेर नपुगेका वालवालिकाहरुले गर्ने काम वा श्रमलाई वालश्रमको रुपमा परिभाषित गरेको स्थितिमा नेपाली समाजमा भइआएका पारिवारिक सहयोगका काम, जीवनोपयोगी हलुका सामान्य खालका काम र जोखिमपूर्ण निकृष्ट कामलाई समेत एकमुष्ट गरी एकैपटक सबै किसिमका कामहरु निषिद्ध गर्नसक्ने स्थिति रहन्न । तसर्थ बालश्रमको विषयमा सम्बन्धित क्षेत्रका अभिभावक, नागरिक समाजका प्रतिनिधिहरु, स्थानीय समुदाय तथा निकायका प्रतिनिधिहरुमा समेत चेतना बढाई कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

## ८. सुझाव तथा सिफारिशहरुः

- बालश्रम निवारण सामूहिक दायित्वको विषय हुँदा सरकार, रोजगारदाता र ट्रेड यूनियनका प्रतिनिधिहरुको संयुक्त समितिबाट अनुगमन निरीक्षण गराउँदा प्रभावकारी हुने देखिन्छ ।
- असंगठित र अनौपचारिक क्षेत्रको अनुगमन निरीक्षण श्रम कार्यालयले गर्न नसकिरहेको परिप्रेक्ष्यमा स्थानीय समुदाय, नागरिक समाज र स्थानीय निकायहरुलाई जिम्मेवारी दिई निरीक्षण गराउन उपयुक्त हुने देखिन्छ । स्थानीय तहमा प्रयोग भैरहेको सबै प्रकारको वालश्रमको जानकारी स्थानीय निकायमा दिनुपर्ने व्यवस्था गर्नुपर्ने ।
- कानून बमोजिम दर्ता, अभिलेख, प्रमाणीकरण र सिफारिश हुने प्रत्येक कारोवारमा बालश्रमसम्बन्धी निर्दिष्ट आचार संहिता र मापदण्ड पालना गर्ने प्रतिवद्धता जनाउन लगाई बालश्रम निवारण गर्न सामाजिक दायित्व सिर्जना गर्ने ।
- बालश्रम निवारणका लागि सञ्चालन गरिने चेतनामूलक कार्यक्रमहरु बालबालिकाले बुझ्ने शैलीमा स्थानीय समुदायमा पुर्‍याउने व्यवस्था गर्ने ।
- निरीक्षणको क्रममा भेटिएका बालश्रमिकहरुलाई पुनर्स्थापन गर्नसक्ने गरी पुनर्स्थापन केन्द्रहरुको विस्तार गर्ने ।
- श्रम कार्यालयहरुको निरीक्षणलाई स्रोत साधन र समयवद्ध बनाई प्रभावकारी बनाउने ।
- बालश्रमिकको प्रयोग गर्ने व्यक्तिले नै बालवालिकाको स्वास्थ्य, शिक्षा र सुरक्षाको व्यवस्था गर्नुपर्ने प्रावधान रहनु पर्ने ।
- अन्य निकायहरुबाट सञ्चालित बालकल्याणकारी कार्यक्रमसंग बालश्रम निवारण कार्यक्रम समन्वय गरेर लैजानु पर्ने ।
- विपन्न अवस्थाको कारण बालश्रमको समस्या भोगिरहेका अभिभावकहरुलाई सहुलियतपूर्ण कर्जा र स्वरोगार हुनसक्ने कार्यक्रमहरु दिने ।
- वालश्रमको प्रयोग गैरकानूनीरुपमा भैरहेको र त्यसको निवारणको लागि अनुगमन निरीक्षण गर्न आउनेप्रति प्रतिकारात्मक रुपले प्रस्तुत भैरहेको परिस्थितिमा निरीक्षणको अधिकार थप सशक्त बनाउनु पर्ने देखिन्छ ।